इनरुवा नगरपालिका

# नगर कार्यपालिकाको कार्यालय

कोसी प्रदेश नेपाल

शिक्षा,युवा तथा खेलकुद शाखा

प.सं:०८०/८१

च.नं: 4352

सुचना प्रकाशन मिति : २०८१/३/१६

**विषय: कक्षा ११ छात्रावृत्तिमा अध्ययन गर्न चाहने विद्यार्थीका लागी छात्रावृत्ति परीक्षाको आवेदन फाराम भर्ने सम्बन्धी अत्यन्त जरुरी सूचना**

इनरुवा नगरपालिका भित्र सञ्चालित कक्षा ११ अध्यापन हुने संस्थागत विद्यालयमा शैक्षिक सत्र २०८१/०८२ का लागी छात्रावृत्तिमा विद्यार्थी छनौट गर्न सञ्चालन हुने परीक्षाका लागी मिति २०८० साल चैत्रमा सञ्चालित SEE परीक्षामा सहभागी भएका विद्यार्थीहरुले मिति २०८१ असार मसान्तसम्म तपसिल बमोजिम नियमहरु अध्ययन गरी तोकिएको ढाँचामा आवेदन पेस गर्न यो सूचना गरिएको छ।

**१ परीक्षाको किसिम**:- छात्रावृत्ति छनौटका लागी हुने लिखित परीक्षा १०० पूर्णाङ्कको हुनेछ।

**२. पाठ्यक्रम :-** माध्यमिक तह कक्षा ९ र १० को पाठ्यक्रमको परिधी भित्र रही बहुवैकल्पीक उत्तरात्मक प्रश्न तयार गरी परीक्षा सञ्चालन गरिने छ। जसमा २५ प्रतिशत अंग्रेजी,२५ प्रतिशत गणित, २५ प्रतिशत नेपाली र २५ प्रतिशत विज्ञान विषय क्षेत्रबाट प्रश्न सोधिने छ।

**३.उत्तिर्णाङ्क**; ४० हुनेछ।

**४. तोकिएको कोटा भित्र तोकिएको भन्दा कम वा कोटा अनुसारकै मात्र आवेदन परेमा आवेदकहरुलाई स्वत: छनौट भएको मानिने छ।**

**५. आरक्षण सम्बन्धी व्यवस्था:**- जेहेन्दार, विपन्न,अपाङ्ग,महिला,जनजाति,मधेशी परिवारका सन्ततिहरुले छात्रवृत्ति प्राप्त गर्ने अवस्थालाई देहाय अनुसार व्यवस्थित गरिने छ।

क) कक्षा ११ को छात्रावृत्ति छनौटका लागी परीक्षा लिएर विद्यार्थी छनौट गरी प्रदान गर्ने कुल दश प्रतिशत छात्रवृत्तिलाई शत प्रतिशत मानी देहायको आधारमा कोटा आरक्षित गरिने छ :-

१. खुला:-५५ प्रतिशत

क) जेहेन्दार

आरक्षण:- ४५ प्रतिशत – आरक्षणको ४५ प्रतिशतलाई शत प्रतिशत मानी देहाय अनुसार कोटा निर्धारण गर्नुपर्ने छ :-

१. महिला- ३० %
२. विपन्नता- २०%
३. जनजाति – १६%
४. मधेशी – १४ %
५. दलित-८%

Website: www.inaruwamun.gov.np Email: edu.inaruwamun@gmail.com

इनरुवा नगरपालिका

६. सीमान्तकृत-७%
७. अपाङ्गता- ५%

ख) माथी उल्लेखित आरक्षणहरु मध्ये एक विद्यार्थीले कुनै एक आरक्षण समुहबाट मात्र आवेदन दिन पाइने छ।

६ छात्रवृत्ति छनौट परीक्षाबाट छनौट भएपछि मात्र विद्यार्थीले प्राथमिकताका आधारमा अध्ययन गर्न चाहने विद्यालयहरूको नाम तोकी शाखामा पेस गर्नुपर्ने छ ।

८. जेहन्दार कोटाका लागी SEE परीक्षामा कम्तिमा GPA-२.४ वा सो भन्दा माथि अंक प्राप्त गरेको हुनुपर्ने तर अक्षरांक पद्धती लागु हुनुपुर्व SLC परीक्षामा GPA-२.० प्राप्त गरेको हुनुपर्ने छ । जसका लागी SEE/SLC ग्रेड सिट समावेस गर्नुपर्ने छ ।

९. छात्रावृत्ति परीक्षामा सामेल भएका विद्यार्थीहरुले समान अंक प्राप्त गरेमा एस.ई.ई. परीक्षाको ग्रेड सीटमा उल्लेखित उच्च GPAका आधारमा योग्यताक्रम निर्धारण गरिने छ ।

१०. तोकिएको कोटा भन्दा बढी संख्यामा उत्तिर्ण हुने विद्यार्थीहरुलाई सम्बन्धित समुहको वैकल्पिक सूचीमा सूचीकृत गरिने छ ।

११. अपाङ्गता भएको विद्यार्थीको हकमा जिल्ला प्रसासन कार्यालयबाट प्रामणित कागजात अनिवार्य हुनेछ ।

१२. जनजाति र दलित विद्यार्थीको हकमा अपाङ्गता परिचय पत्रको प्रतिलिपी अनिवार्य हुनेछ ।

१३. गरिव तथा विपन्न कोटामा आवेदन दिनका लागी सम्बन्धित विद्यार्थीको स्थायी ठेगाना रहेको स्थानीय तहको सम्बन्धित वडाबाट विपन्न परिवारको सदस्य भएको सिफारिस अनिवार्य हुनेछ ।

१४. तोकिएको आरक्षण कोटामा विद्यार्थी उत्तिर्ण नभएमा उक्त कोटा खुलामा गणना हुनेछ ।

**१५.** भर्ना सम्बन्धी व्यवस्थाः कक्षा ११ का लागि छात्रवृत्तिमा छनौट भइ सिफारिस भएका विद्यार्थी भर्नाका लागि देहाय वमोजिमको व्यवस्था कार्यान्वयन गर्नुपर्ने छ ।

- कक्षा ११ को छात्रावृत्तिका लागि सिफारिस भएका विद्यार्थीहरुले ७ दिन भित्र अनिवार्य रुपमा सम्वन्धित विद्यालयमा भर्ना भइसक्नु पर्नेछ ।
- तोकिएको समय भित्र सिफारिस भई आएका विद्यार्थीहरूलाई विद्यालयले समय सीमा भित्र भर्ना गरी भर्नाको म्याद समाप्त भएको मितिले ३ दिन भित्र भर्ना भएका विद्यार्थीहरुको समुहगत विवरण सहितको नामनामेसी विवरण शिक्षा,युवा तथा खेलकुद शाखामा पेस गर्नु पर्नेछ ।
- सिफारिस भई आएका सबै समुहका विद्यार्थीहरु भर्ना नभएमा सम्बन्धित समुहको वैकल्पि सूचीमा सूचीकृत विद्यार्थीहरुलाई योग्यताक्रमका आधारमा भर्नाका लागी शिक्षा,युवा तथा खेलकुद शाखाबाट सिफारिस गरिने छ ।
- वैकल्पिक सूचीमा सूचीकृत समूहबाट सिफारिस भएका विद्यार्थीहरुले सिफारिस भएको मितिले ३ दिन भित्र विद्यालयमा भर्ना भइसक्नु पर्नेछ ।

प्रमुख प्रशासकीय अधिकृत
इनरुवा नगरपालिका

१६. जिम्मेवारी सम्बन्धी व्यवस्थाः छात्रवृत्तिको व्यवस्थापनका लागि बैठक बोलाउनेकोटा , नतिजा प्रकाशन तथा सिफारिस लगायतका काम समयमै सम्पन्न ,परीक्षा संचालन गर्ने ,निर्धारण गर्ने गर्नका लागि इनरुवा नगरपालिकाको हकमाशिक्षा युवा तथा खेलकुद ,शाखा र विद्यालयको हकमा सम्बन्धित विद्यालय जिम्मेवाररहने छ।

१७. पुनरावेदन सम्बन्धी व्यवस्थाः छात्रवृत्ति सिफारिस सम्बन्धी चित्त नवुझेमा सम्बन्धित विद्यार्थी वा निजको अभिभावकले नतिजा प्रकाशन भएको मितिले तीन दिन भित्र इनरुवा नगरपालिका , नगर शिक्षा समिति समक्ष पुनरावेदन दिन सकिने छ ।

१८. शुल्क फिर्ता सम्बन्धमाः सिफारिस हुनुपुर्व विद्यालयमा विद्यार्थी भर्ना भएको भए विद्यालयले उक्त विद्यार्थीको भर्ना शुल्क फिर्ता गर्नुपर्ने छ ।

पुनश्चः- परीक्षाको मिति अर्को सूचनामा तय गरिने छ ।

प्रमुख प्रशासकीय अधिकृत
इनरुवा नगरपालिका



CamScanner

इनरुवा नगरपालिका

# नगर कार्यपालिकाको कार्यालय

कोसी प्रदेश नेपाल

शिक्षा,युवा तथा खेलकुद शाखा


## कक्षा ११ को छात्रावृत्तिमा आवेदन फाराम को
## प्रवेश पत्र

सिम्बल नं. [ ]

फोटो

१. विद्यार्थीको नाम/थर;

२. ठेगाना:

३. अघिल्लो कक्षा उत्तिर्ण विद्यालयको नाम:

४. कक्षा ११ मा अध्ययन गर्ने संकाय:

५.कक्षा ११ मा अध्ययन गर्न चाहेको संस्थाको नाम (प्राथमिकता क्रम):

क)

ख)

ग)

घ)

ङ)

...........................

प्रमुख प्रशासकीय अधिकृत

...................................

विद्यार्थीको दस्तखत

इनरुवा नगरपालिका

# नगर कार्यपालिकाको कार्यालय

कोसी प्रदेश नेपाल

शिक्षा,युवा तथा खेलकुद शाखा

## कक्षा ११ को छात्रावृत्तिमा आवेदन फाराम -२०/

सिम्बल नं.

१. विद्यार्थीको नाम/थर;

२. विद्यार्थी हाल बसोबास गर्दै आएको ठेगाना: क) प्रदेश नं.

ख) गा.पा./न.पा ग) टोल:-

३.अभिभावकको नाम/थर:

क) बाबुको नाम: ख) पेशा

ख)आमाको नाम: ग) पेशा

४. विद्यार्थी वा निजको अभिभावक मोबाइल नं.

५.यस अघि छात्रावृत्ति पाए नपाएको:-

६.आवेदन दिन चाहेको कक्षा:

७.अघिल्लो कक्षा उत्तिर्ण विद्यालयको नाम:

८.अघिल्लो कक्षाको उत्तिर्ण साल ............... जि.पि.ए. प्रतिशत ...........ग्रेड

९.कक्षा एघारमा अध्ययन गर्न चाहेको विषय/समुह

१०.गरिव वा विपन्न/अपाङ्गता/जनजाति/दलित परिवार परिचय पत्र भए नभएको:

११. कक्षा ११ मा अध्ययन गर्न चाहेको संस्थाको नाम (प्राथमिकता क्रम):

क)........................................................ ख) ..........................................

ग) ....................................................... घ) ..........................................

१३. आफुले कुन समुहबाट आवेदन दिन चाहेको हो ? कुनै एकमा रेजा चिन्ह लागाउनुहोस् ।

क) जेहेन्दार ख) विपन्न ग) महिला

घ) अपाङ्गता ङ)दलित च) जनजाति

माथि उल्लेखित व्यहोरा ठिक सांचो छन् फरक परे कानुन बमोजिम सहुला,बुझाउला ।

आवेदको दस्तखत:

नाम:-

मिति:



CamScanner